| प्राथमिकता | क्षेत्र | शीर्षक | कानून | हालको अवस्थाको विश्लेषण | सुधारका लागि गरिएका काम/अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| उच्च शिक्षा रुपान्तरण | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०७५ सार्वजनिक | सुशासन ( व्यवस्थापन तथा संचालन) ऐन, २०६४ | नयाँ संविधान र राजनीतिक व्यवस्थासँग तालमेल हुने शिक्षा क्षेत्र सुधारका सुझाव दिन २०७५ सालमा गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन ६ वर्षपछि सार्वजनिक | ६ वर्षपछि उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगका पदाधिकारीहरूसँग छलफल गरी प्रतिवेदन सार्वजनिक गरिएको । विषयगत क्षेत्रका सुझाबहरूमाथि छलफल गरी प्रतिवेदनका सिफारिसहरूलाई नीति, कानून र कार्यक्रममा समेट्न क्षेत्रगत समिति बनाइएको। संघीय संरचना अनुसार विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक शिक्षालगायत समग्र शिक्षा क्षेत्रमा परिवर्तन हुने । |
| उच्च शिक्षा रुपान्तरण | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | विदेशी सम्बन्धनमा चलेका कलेजहरूको व्यवस्थापनका लागि निर्देशिका संशोधन गर्न कार्यदल गठन र सो कलेजहरुको अनुगमन शुरु | उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ | पूर्व सचिव शंकर कोइराला नेतृत्वको समितिले प्रतिवेदन बुझाइसकेको र त्यसको कार्यान्वयन प्रक्रिया सुरु भएको। विदेशी विश्वविद्यालयको सम्वन्धनमा संचालन भएका मौजुदा विदेशी शिक्षण संस्थाको सम्वन्धमा उच्च शिक्षा संचालन गर्ने सम्वन्धी निर्देशिका-2059 लाई समय सापेक्ष परिमार्जन र सुधार गरी नियमनलाई प्रभावकारी बनाउन। | पूर्वसचिव कोइरालाको नेतृत्वमा समिति गठन गरी अध्ययन। विदेशी सम्बन्धनमा नेपालमा सञ्चालित कलेजहरूको नियमित कार्यतालिका अनुसार नियमन तथा अनुगमन भइ सुशासन कायम हुने । |
| उच्च शिक्षा रुपान्तरण | छानबिन, त्रिभुवन विश्वविद्यालय | त्रिविको अतिक्रमित जग्गाबारे छानबिन र खोजबिन गर्न पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा समिति गठन गरिएको | सुशासन ( व्यवस्थापन तथा संचालन) ऐन, २०६४ | जग्गाको अध्ययन, अनुसन्धान, छानबिन र अनुगमन लगायत अचल सम्पत्तिको लगत संकलन गरी विश्वविद्यालयको सम्पत्ति हिनामिना भएको देखिन आएमा सत्यतथ्य प्रमाणसहित आवश्यक कारबाहीका लागि सिफारिस सहित समितिले ३ महिनाभित्र सरकारलाई प्रतिवेदन बुझाउने । | पूर्ववसचिव शारदाप्रसाद् त्रितालको अध्यक्षतामा उच्चस्तरीय समिति गठन भई छानबिनको काम भइरहेको। विश्वविद्यालयका अतिक्रमित जग्गा फिर्ता भई कानुन बमोजिम शैक्षिक उन्नयनमा प्रयोग भएको हुने । |
| उच्च शिक्षा रुपान्तरण | त्रिभुवन विश्वविद्यालय | त्रिभुवन विश्वविद्यालयले उत्तरपुस्तिका हराएको विषयमा छानबिन गर्न उच्चस्तरीय समिति गठन गरेको; ती विषयको पुनः परीक्षा लिएको | त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ | समितिले प्रतिवेदन बुझाइ कार्यान्वयनको चरणमा रहेको | अनियमिततामा संलग्नलाई कानूनबमोजिम कारवाही गरी विश्वविद्यालयको परीक्षा प्रणाली व्यवस्थित र पारदर्शी बनाउन। परीक्षा प्रणाली नियमित र चुस्त बनाउन सहयोग पुग्ने। |
| उच्च शिक्षा रुपान्तरण | नियुक्ति | विश्वविद्यालय अनुदान आयोगको सदस्य पदमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजंग बराललाई मनोनयन गरिएको | त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ | विश्वविद्यालय अनुदान आयोगमा मनोनित सदस्य पद खाली रहेकोमा नियुक्त भएको | विश्वविद्यालय अनुदान आयोगमा पदपूर्ती भई काम भएको। विश्वविविद्यालय अनुदान आयोग पूर्ण क्षमतामा काम गर्न सक्षम हुने। |
| उच्च शिक्षा रुपान्तरण | शैक्षिक परामर्शदाता सँस्थाहरू | शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्वन्धी सँस्थाहरूको नविकरण,समन्वय र अनुगमनको व्यवस्था गर्ने र अनुगमनको मासिक प्रतिवेदन पेश गर्ने निर्णय। | शैक्षिक परामर्श तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका, २०७३ | २०७५ देखि सेवाप्रदायक शैक्षिक परामर्श सँस्थाहरु नविकरण नहुँदा राज्यसँग सम्बन्ध विच्छेदको अवस्थामा रहेको। नियमन अनुगमन हुन नसकेको। | ५ वर्षदेखि नविकरण नभएर राज्यसँग सम्पर्क टुटेकाले संघीय कानूनबमोजिम दर्ता भई नविकरण नभएका सबै शैक्षिक परामर्श सेवा प्रदायकम सँस्थाको स्थलगत अनुगमन गरेर नविकरण गर्ने । राज्यलाई राजश्व प्राप्त हुने साथै शैक्षिक परामर्श सेवा प्रदान गर्ने सँस्थाहरूको अनुगमन तथा नियमन प्रभावकारी हुने |
| उच्च शिक्षा रुपान्तरण | समस्या समाधानाका लागि नयाँ अवधारणा | चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनका लागि सार्वजनिक, सम्बन्धित निकायमा कार्यान्वयनका लागि पत्राचार | चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन, २०७४ | ६ वर्षदेखि महत्वपूर्ण जाँचबुझ प्रतिवेदन सार्वजनिक नभइ पूर्ण कार्यान्वयनमा पनि नगएको, नागरिकको जानकारीमा जाँचबुझ आयोगका सिफारिस नहुँदा राजकीय नियुक्तिमा समेत अलमल भएको | कार्यान्वयनका लागि अख्तियारमा पठाइएकोमा, मन्त्रालयका मातहतका निकायमा कार्यान्वयन प्रक्रियामा रहेको सुशासन र पारदर्शीताको लागि उदाहरण |

| प्राथमिकता | क्षेत्र | शीर्षक | कानून | हालको अवस्थाको विश्लेषण | सुधारका लागि गरिएका काम/अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| उच्च शिक्षा रुपान्तरण | त्रिभुवन विश्वविद्यालय | त्रिविले प्रदान गर्ने समकक्षता तथा मान्यतासम्बन्धी कार्यविधि परिमार्जनका लागि त्रिविमा समिति गठन, समितिले जनसुझाव सङ्कलन गरी परिमार्जन प्रक्रिया अघि बढाएको | उच्च शिक्षा उपाधिको मान्यता तथा समकक्षता निर्धारण कार्यविधि २०७८ | त्रिभुवन विश्वविद्यालय मान्यता तथा समकक्षता सम्बन्धी कार्यविधि | समकक्षतामा एकरूपता आउने |
| उच्च शिक्षा रुपान्तरण | त्रिभुवन विश्वविद्यालय | त्रिभुवन विश्वविद्यालयबाट लिइने वार्षिक परीक्षा प्रणाली अनुसारका सबै सङ्कायहरूको स्नातक तहका प्रश्नपत्रहरु तयार गर्दा अङ्ग्रेजी र नेपाली दुवै भाषामा गरिने | त्रिभुवन विश्वविद्यालय प्राज्ञिक परिषद् स्थायी समितिको निर्णय | भाषाको समस्याले परीक्षामा परीक्षार्थीलाई समस्या परेको गुनासो | आगामी शैक्षिक सत्रदेदी त्रिवि को स्नातक तहका परीक्षाहरूमा प्रश्नपत्र अंग्रेजी र नेपालीमा हुने |
| उच्च शिक्षा रुपान्तरण | त्रिभुवन विश्वविद्यालय | त्रिभुवन विश्वविद्यालयले स्नातक र स्नातकोत्तर तहको शैक्षिक क्यालेण्डर सार्वजनिक | त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ | त्रिविमा भर्ना, पढाई र जाँज समयमा नहुने गुनासो सम्बोधन गर्न व्यवस्थित क्यालेण्डर बनाइएको। | क्यालेण्डरबमोजिम नियमित र व्यवस्थित रूपमा विश्वविद्यालय सञ्चालन |
| उच्च शिक्षा रुपान्तरण | त्रिभुवन विश्वविद्यालय | त्रिभुवन विश्वविद्यालय, त्रिविबाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस तथा निजी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको पीरमर्का, गुनासोहरु सम्बोधन गर्नका लागि प्रत्येक क्याम्पसमा गुनासो व्यवस्थापन संयन्त्र स्थापनाका लागि प्रक्रिया सुरु | क्याम्पस विद्यार्थी कल्याण प्रमुखको कार्यालयमा क्याम्पस विद्यार्थी कल्याण समितिले विद्यार्थीको सबैखाले गुनासो संकलन गरी पेश गर्ने | विश्वविविद्यालयमै गुनासो व्यवस्थापन नहुँदा मन्त्रालयसम्म र विश्वविद्यालय बाहिर गुनासो पुगग्रे तर समाधान नहुने समस्या थियो | त्रिविमा गुनासो व्यवस्थापन संयन्त्र स्थापना प्रक्रिया सुरु भैसकेको |
| उच्च शिक्षा रुपान्तरण | त्रिभुवन विश्वविद्यालय | त्रिविको स्नातक तह तथा स्नातकोत्तर तहको आवेदन फारम खोल्ने समयमा सम्बन्धित क्याम्पस, विश्वविद्यालायबारे जानकारीमुलक Pamphlet, Brochure, Banners को साथै विद्यार्थीहरु सँग Counselling गर्ने | क्याम्पस विद्यार्थी कल्याण प्रमुखको कार्यालय | त्रिविका शंकाय र सेवाबारे विद्यार्थीलाई यथेष्ट जानकारी नभएको गुनासो | विद्यार्थी तथा सेवाग्राहीलाई विश्वविद्यालयका सेवा र शुल्कबारे सहज जानकारी हुने |
| उच्च शिक्षा रुपान्तरण | त्रिभुवन विश्वविद्यालय | त्रिवि अन्तर्गतको चिकित्सा शास्त्र अध्ययन संस्थानमा पीसीएल नर्सिंगका १४ विद्यार्थी भर्ना भएका Bachelor in Midwifery Scienceको पाठ्यक्रमको आधिकारिकता सुनिश्चित, भविष्यमा नर्सिङ्ग काउन्सिलको जाँच दिन प्रतिबन्ध नहुने | त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ | BMS र BSC Nursing मा पाठ्यक्रम एकरूपता विवाद समाध भैसकेको | BMS ले पनि BSC Nursing सरहको पाठ्यक्रम र सो सरह नै मान्यता हुने |

| प्राथमिकता | क्षेत्र | शीर्षक | कानून | हालको अवस्थाको विश्लेषण | सुधारका लागि गरिएका काम/अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| दलिय राजनीति मुक्त शिक्षा क्षेत्र | | राजनीतिक दलमा आबद्ध शिक्षकलाई दलीय सदस्यता त्याग्न आह्वान, स्थानीय तहलाई सो को विवरण माग, ताकेता गरिएको | शिक्षा ऐन, २०२८; राजनीतिक दल सम्बन्धी ऐन, २०७३; उच्च अदालत पाटनको २०७८, मङ्सिर १९ गतेको राजनीतिक दलमा संलग्न शिक्षकलाई कारबाही गर्ने सम्बन्धि शिक्षा मन्त्रालयलाई दिइएको आदेश | शिक्षकहरुले पढाउन छोडेर दलीय राजनीतिमा संलग्न रहने गरेको, शिक्षा सुधारको सबैभन्दा ठूलो अवरोध दलीय राजनीतिमा आवद्ध शिक्षक रहेको जनगुनासो | प्रमाणसहित प्राप्त उजुरीमाथी छानबिन गरी कारवाही गर्न CEHRD लाई पठाइएको |
| दलिय राजनीति मुक्त शिक्षा क्षेत्र | | कानून विपरित गरिएका शिक्षकका काज स्वीकृति फिर्ता | शिक्षा ऐन २०२८ को दफा १६ च २ को उपदफा एक; शिक्षा नियमावली २०५९ को नियम १३३ को उपनियम १ को खण्ड 'ज' | शिक्षकहरु असम्बन्धित ठाँउमा गैरकानूनी काजमा बसेको | CEHRD मार्फत कारवाहीको स्थिति जानकारी गराउन पत्राचार |
| दलिय राजनीति मुक्त शिक्षा क्षेत्र | प्रक्रियामा पारदर्शीता, नियुक्ति | कार्यविधि तयार गरी सो अनुसार प्रविधिमैत्री र पारदर्शी रुपमा, बौद्धिक चोरीका दोषी र राजनैतिक दलमा आबद्ध कसैले आवेदन दिन नमिल्ने प्रावधानसहित निश्पक्ष रुपमा सदस्य छनौट प्रक्रिया सम्पन्न गरिएको | त्रिभुवन विश्वविद्यालय सेवा आयोगको सदस्य सिफारिससम्बन्धी कार्यविधि, २०८० | निर्विवाद रुपमा नियुक्ति सम्पन्न | कार्यविधि बनाएर स्वच्छ प्रक्रियाबाट उपयुक्त पात्र चयन, निर्विवाद रुपमा नियुक्ति सम्पन्न |
| दलिय राजनीति मुक्त शिक्षा क्षेत्र | प्रक्रियामा पारदर्शीता, नियुक्ति | उक्त कार्यविधिमा संशोधन गरी अन्तर्वार्ता र सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरणलाई मुल्याङ्कनको प्रकृयामा समावेश गरिएको; छनौट प्रक्रिया सम्पन्न गरिएको | पूर्वाञ्चल विश्विवद्यालय उपकुलपति छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८० | निर्विवाद रुपमा नियुक्ति सम्पन्न | कार्यविधि बनाएर स्वच्छ प्रक्रियाबाट उपयुक्त पात्र चयन |
| दलिय राजनीति मुक्त शिक्षा क्षेत्र | प्रक्रियामा पारदर्शीता | विश्वविद्यालय अनुदान आयोगको सदस्य सिफारिसका लागि छनोट समिति बनाई सदस्य छनोट प्रक्रिया सुरु | विश्वविद्यालय अनुदान आयोगको सदस्य सिफारिससम्बन्धी कार्यविधि, २०८१ | निर्विवाद रुपमा नियुक्ति सम्पन्न | उत्कृष्टताको आधारमा पारदर्शी प्रक्रियाबाट प्राज्ञिक नेतृत्व छनोट |
| दलिय राजनीति मुक्त शिक्षा क्षेत्र | | विषय समिति बैठकले विद्यालयलाई राजनीति मुक्त गरी शिक्षक पेशाप्रति संवेदनशील, जिम्मेवार, जवाफदेही र व्यावसायिक बनाउन काजमा रहेका शिक्षक फिर्ता राजनीतिका दलमा आबद्ध शिक्षकहरुलाई कानुन अनुसार कारबाही प्रक्रियामा सहजिकरण गर्ने | शिक्षा ऐन, २०२८ | हाल राजनीतिक दलमा आबद्ध शिक्षकलाई कारवाही गर्ने प्रक्रियामा संलग्न तिनै तहका सरकारबीच समन्वयलाई सुदृढ गर्न MDAC बैठकबाट सर्वपीक्षय सहकार्य गर्ने निर्णय भएको | राजनीतिक आबद्धता भएका शिक्षकलाई राजनीतिक दलबाट मुक्त गरी कक्षाकोठामै केन्द्रित गराउने |

| प्राथमिकता | क्षेत्र | शीर्षक | कानून | हालको अवस्थाको विश्लेषण | सुधारका लागि गरिएका काम/अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| प्राविधिक तथा व्यावसायिक सीप प्रोत्साहन | समस्या समाधानाका लागि नयाँ अवधारणा | कार्यस्थलको सिकाइमा आधारित तालिमलाई संस्थागत गर्न 'औद्योगिक प्रशिक्षार्थी विनियमावली' निर्माण कार्यदल गठन | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ | औद्योगिक सीप र क्षमता भएका व्यक्तिहरूलाई परिषदमा प्रशिक्षकको रूपमा राख्न आवश्यक कानूनी प्रबन्ध व्यवस्थापन भैरहेको | औद्योगिक प्रशिक्षार्थी विनियमावली बनेर सिटिइभिटिमा औद्योगिक सीप र अनुभव भएका प्रशिक्षकहरूलाई प्रशिक्षणमा खटाउने |
| प्राविधिक तथा व्यावसायिक सीप प्रोत्साहन | | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र राष्ट्रिय परीक्षा बोर्ड अन्तरगतका कार्य एवं संरचना हस्तान्तरणको मोड्यालिटी तयार गर्ने | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ | संघीय संरचना अरूपका संरचना बनाउन मोड्यालिटि तयार भइरहेको | शिक्षा मन्त्रालययमार्फत सरकारसँग सम्पर्क राख्ने निकायहरू संघीय संरचनामा गई व्यवस्थित सेवा प्रवाह हुने |
| प्राविधिक तथा व्यावसायिक सीप प्रोत्साहन | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | कार्यक्रम सम्बन्धनका विषयमा विनियमावली संशोधन गर्न 'कार्यक्रम सम्बन्धन विनियमावली निर्माण कार्यदल' गठन | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को विनियमावली | कार्यक्रम सम्बन्धनका सम्बन्धमा विभिभन्न गुनासो सुनिएको | कार्यक्रम सम्बन्धन अनुमानयोग्य,व्यवस्थित र पारदर्शी हुने |
| प्राविधिक तथा व्यावसायिक सीप प्रोत्साहन | प्रक्रियामा पारदर्शीता | स्नातक तह तथा स्नातकोत्तर तहको आवेदन फारम खोल्ने समयमा सम्बन्धनका प्रक्रियामा रहेका सबै निवेदनको अवस्था र सम्बन्धन प्रक्रियाको ढाँचा (Affiliation Process Flow Chart) पारदर्शीताको लागि वेवसाइटमा राखिएको | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ | सम्बन्धन प्रक्रिया झन्झटिलो र अपारदर्शी रहेको गुनासो | सार्वजनिक जानकारीमा रहनेगरी सम्बन्धन प्रक्रिया व्यवस्थित हुने |
| प्राविधिक तथा व्यावसायिक सीप प्रोत्साहन | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | प्राविधिक शिक्षालयहरु, सम्बन्धन प्राप्त शिक्षालयहरु लगायत प्रदेश सरकारबाट संचालन गर्ने गरी हस्तान्तरण गर्ने र परिषद्को पाठ्यक्रम तथा मापदण्ड निर्धारण, अनुमति, नियमन र सीप प्रमाणिकरण लगायतका कार्य सम्बन्धी विस्तृत अध्ययन गर्न गठित उच्चस्तरिय कार्य टोलीको म्याद थप भएको | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ | समितिको म्याद सकिएपनि काम नभएको | म्याद थप भई काम अन्तिम चरणमा रहेको |
| प्राविधिक तथा व्यावसायिक सीप प्रोत्साहन | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | परिषद् कार्यालयबाट स्थलगत, आशयपत्र तथा पूर्वाधार निरीक्षणको प्रकृया पूरा भई सम्बन्धन सम्बन्धमा अदालती प्रकृयामा रहेका सस्थाहरुको पूनर्पूष्टिका लागि कार्यटोली गठन | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ | अदालती प्रक्रियामा रहेका सँस्थाहरूको स्पष्ट तथ्यांक नभएको | अदालती प्रक्रिया स्पष्ट भई एकिन तथ्याङ्क उपलब्ध हुने |

| प्राथमिकता | क्षेत्र | शीर्षक | कानून | हालको अवस्थाको विश्लेषण | सुधारका लागि गरिएका काम/अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| प्राविधिक तथा व्यावसायिक सीप प्रोत्साहन | कानून निर्माण तथा संशोधन | राष्ट्रिय व्यावसायिक योग्यता प्रारुप कार्यान्वयनका लागि परिषद् नियमावली, २०५१ (पाचौ संशोधन) र सीप तथा व्यावसायिक योग्यता परीक्षण तथा प्रमाणिकरण विनियमावली, २०८१ को ड्राफ्ट तयार भई स्वीकृति प्रक्रियामा | सीप तथा व्यावसायिक योग्यता परीक्षण तथा प्रमाणिकरण विनियमावली, २०८१ | राष्ट्रिय व्यावसायिक योग्यताको प्रारुप मस्यौदा भई स्वीकृतिको चरणमा रहेको | सीप परीक्षण तथा व्यवसायिक योग्यता प्रारुप स्थापित भई व्यावसायिक तालिममा एकरुपता आउने |
| प्राविधिक तथा व्यावसायिक सीप प्रोत्साहन | समस्या समाधानाका लागि नयाँ अवधारणा | परिषद्बाट सञ्चालन हुने प्रवेश परीक्षा, परीक्षा सञ्चालन र सम्बन्धन प्रक्रियाको समयतालिका राष्ट्रिय चिकित्सा शिक्षा आयोग र अन्य निकायसँग तालमेल हुने गरी निर्माण गरी प्रकाशित गर्ने | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ | अन्तरनिकाय समन्वय अभावमा विद्यार्थीको एक तहको अध्ययन पछि अर्को तहमा जानेबेला समय खेर जाने गुनासो प्राप्त भएपछि अन्तरनिकाय समन्वय गर्ने निर्णय भएको | विद्यार्थीथीहरूले एक तह अध्ययन गरी अर्को तह जाँदा लामो समय खाली बस्नुपर्ने समस्या अन्त्य हुने |
| प्राविधिक तथा व्यावसायिक सीप प्रोत्साहन | समस्या समाधानाका लागि नयाँ अवधारणा | कार्यक्रम सम्बन्धनको क्रममा श्रम बजारमा अत्यधिक माग भएका कार्यक्रमहरुलाई प्राथमिकता राखे र सो का लागि पाठ्यक्रम निर्माण नभएको अवस्थामा उपलब्ध स्रोतको परिचालन गर्ने | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ | श्रमबजारमा माग भइरहेका विषय अध्ययन गराउन पाठ्यक्रम निर्माणका लागि स्रोत परिचालन गर्ने निर्णय | सिटिइभिटि लाई समयसापेक्ष बनाउन |
| प्राविधिक तथा व्यावसायिक सीप प्रोत्साहन | समस्या समाधानाका लागि नयाँ अवधारणा | परिषद्को दरबन्दी व्यवस्थापन गर्न तथा परिषदको संगठनात्मक सुधार गर्नको लागि संगठनात्मक तथा व्यवस्थापन सर्भेक्षण कार्यदल गठन | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ | O&M को तयारी भैरहेको | संघीयता अनुरुप परिषद पुनःसंरचना हुने |
| प्राविधिक तथा व्यावसायिक सीप प्रोत्साहन | समस्या समाधानाका लागि नयाँ अवधारणा | उद्योग क्षेत्रको अनुभव भएका व्यक्तिलाई प्रशिक्षकको रुपमा समकक्षता दिइने | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ | प्राविधिक शिक्षामा समेत औपचारिक शिक्षा पाएकै शिक्षक भन्दा औद्योगिक अनुभव भएङ्का प्रशिक्षकलाई प्रार्थमिकता दिनेगरी परिषदबाट निर्णय भएको | प्राविधिक शिक्षा व्यवहारिक र रोजगारमुखी बनाउन योगदान हुने |

| प्राथमिकता | क्षेत्र | शीर्षक | कानून | हालको अवस्थाको विश्लेषण | सुधारका लागि गरिएका काम/अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| प्राविधिक तथा व्यावसायिक सीप प्रोत्साहन | समस्या समाधानाका लागि नयाँ अवधारणा | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्वाट सम्बन्धन स्वीकृत लिइ सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम संचालन गरिरहेका विद्यालयहरुले पाउदै आएका अनुदान रकमलाई भर्ना क्षमताको ५० प्रतिशत भन्दा कम प्रशिक्षार्थी भर्ना गर्ने विद्यालयहरुले नपाउने नीतिगत निर्णय | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ | राज्यले प्रदान गर्ने अनुदान पाउन ५० प्रतिसत भर्ना गरेकै हुनुपर्ने व्यवस्था गर्ने निर्णय भएको | राज्यको लगानी उत्पादनमुलक बनाउने |
| प्राविधिक तथा व्यावसायिक सीप प्रोत्साहन | समस्या समाधानाका लागि नयाँ अवधारणा | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदको आंगिक शिक्षालयहरुले सञ्चालन गर्दै आइरहेको कुनै पनि कार्यक्रममा भर्ना क्षमताको २५ प्रतिशत भन्दा कम प्रशिक्षार्थी भर्ना नलिने र ती कार्यक्रममा प्रशिक्षार्थीहरुको आकर्षणका विषय अध्ययन अध्यापन गराउने नीतिगत निर्णय | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ | श्रमबजारको मागका आधारमा प्राविधिक शिक्षाका कार्यक्रम सञ्चालन, समायोजन तथा व्यवस्थापन गर्ने निर्णय भएको | श्रमबजारमा माग भएका कार्यक्रम थप्ने तथा माग नभएका कार्यक्रम विस्थापन गरी राज्यको लगानी उत्पादनमुलक बनाउने |
| मन्त्रालयको संरचनात्मक सुधार | प्रक्रियामा पारदर्शीता, अनुमानयोग्य नीति तथा प्रक्रिया | मन्त्रालय अन्तर्गतका कर्मचारीको सरुवालाई अनुमानयोग्य बनाउन मापदण्ड जारी गरि कार्यान्वयन गरिएको | आन्तरिक कर्मचारी सरुवा मापदण्ड, २०८० | कुनै मापदण्ड बिना नै कर्मचारीको सरुवा हुने गरेको, शिक्षा मन्त्रालयमातहतका शिक्षा सेवाका कर्मचारीहरुलाई व्यवस्थित रुपमा सरुवा र व्यवस्थापन गर्न | नयाँ मापदण्ड बनाएर सरुवा प्रक्रिया अनुमानायोग्य र पारदर्शी बनाइएको |
| मन्त्रालयको संरचनात्मक सुधार | नियुक्ति | NEB सदस्य सचिव मनोनयन | शिक्षा ऐन, २०२८ | राष्ट्रिय परीक्षा बोर्डको सदस्य सचिव पद रिक्त भएको | बोर्डकै वरिष्ठ कर्मचारी जङ्ग बहादुर अर्यालय सो पदमा नियुक्त भई काम सुरु भैसकेको |
| मन्त्रालयको संरचनात्मक सुधार | समस्या समाधानाका लागि नयाँ अवधारणा , मन्त्रालयको संरचनात्मक सुधार | मन्त्रालयमा GIOMS लागू | सुशासन ( व्यवस्थापन तथा संचालन) ऐन, २०६४ | फाइल हराउने, अड्किने लगायतका गुनासाको सम्बोधन गर्न | मन्त्रालयमा पूर्ण रुपमा दर्तादिखि राय-टिप्पणी र तोक आदेश सम्म GIOMS बाटै हुन सुरु |
| मन्त्रालयको संरचनात्मक सुधार | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | नीति तथा कार्यक्रम बनाउने | | | |
| मन्त्रालयको संरचनात्मक सुधार | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | मन्त्रालयको बजेट बनाउने | | | |

| प्राथमिकता | क्षेत्र | शीर्षक | कानून | हालको अवस्थाको विश्लेषण | सुधारका लागि गरिएका काम/अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| मन्त्रालयको संरचनात्मक सुधार | मन्त्रालयको संरचनात्मक सुधार | Zoom, भाइबर तथा व्हाट्स्याप ग्रुप जस्ता विद्युतीय माध्यमबाट अन्तरतह र निकाय बीचको सूचना सम्प्रेषण प्रणाली मजबुत बनाई विभिन्न विद्यालय, स्थानीय तह, प्रदेश र संघले गरेका असल अभ्यासहरू आदान प्रदान गरी असल अभ्यासहरू अनुशरण गर्ने वातावरण निर्माण गर्ने साथै संघीय मन्त्रालयको वेबसाइटमा राम्रा अभ्यास आदान प्रदान गर्ने वातावरण मिलाउने | सुशासन ( व्यवस्थापन तथा संचालन) ऐन, २०६४ | मन्त्रालय मातहतका निकाय तथा ईकाइहरूबीच सूचना तथा सञ्चार आदानप्रदानमा सहजता ल्याउनुपर्ने माग भइरहेको | अशल अभ्यासबाट सिकाइ विस्तार अन्तर सरकारी निकाय समन्वय हुने |
| मन्त्रालयको संरचनात्मक सुधार | मन्त्रालयको संरचनात्मक सुधार | मन्त्रालयमा संरचनागत दोहोरोपना हटाउन मन्त्रालयको O&M मा समावेश गर्ने गरी सङ्गठन व्यवस्थापन सर्भे गर्ने र संरचनागत एकरूपता कायम गर्ने | नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ | मन्त्रालयको O&M नहुँदा आवश्यक ठाँउमा दरबन्दी कम र औसत काम भएका ठाँउमा बढी मानवस्रोत व्यवस्थापन गर्न तथा मन्त्रलायको संगठन पुनःसंरचना गर्न आवश्यक रहेको देखिएको | मन्त्रालयको सांगठनिक व्यवस्थापनका गरी सेवा प्रवाहमा चुस्तता आउने |
| मन्त्रालयको संरचनात्मक सुधार | विद्यालय शिक्षा | शैक्षिक संरचना तथा शिक्षण संस्थाहरूको नक्साङ्कन गरी कार्य सञ्चालनमा चुस्तता र प्रभावकारिता ल्याउने | | शैक्षिक सँस्थाहरूको नक्शांकन गर्ने आवश्यक डेटा विश्लेषणको काम भइरहेको | शैक्षिक सँस्थाहरूको नक्शांकन भएपछि छात्रवृत्ति वितरण र शिक्षक दरबन्दी मिलानजस्ता कार्य गर्न सहज हुने |
| मन्त्रालयको संरचनात्मक सुधार | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | तहगत सरकार तथा विभिन्न निकायले निर्माण गर्ने Software को तथ्याङ्क संरचना (Data Architect) लाई एकरूपता कायम गर्ने, तथ्याङ्कको प्राप्ति, विश्लेषण, अध्ययन-अनुसन्धान र उपयोगमा सबैको पहुँच स्थापना गर्ने | | तथ्याङ्क संरचना (Data Architect) लाई एकरूपता कायम गर्ने, तथ्याङ्कको प्राप्ति, विश्लेषण, अध्ययन-अनुसन्धान र उपयोगमा सबैको पहुँच स्थापना गर्ने | डेटामा आधारित निर्णय गर्नका लागि |

| प्राथमिकता | क्षेत्र | शीर्षक | कानून | हालको अवस्थाको विश्लेषण | सुधारका लागि गरिएका काम/अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| मन्त्रालयको संरचनात्मक सुधार | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | Software निर्माण तथा मर्मत सम्भार खर्च घटाउने, तथ्याङ्क प्रणालीलाई Software as Service (SAAS) मोडलमा विकास गर्ने जस्ता विषय सम्बोधन गरी शैक्षिक तथ्याङ्क प्रणालीलाई भरपर्दो, व्यवस्थित र लागत प्रवाही बनाई वास्तविक तथ्यमा आधारित भएर नीति तथा योजना निर्माण र कार्यान्वयन | | कार्यान्वयनका लागि Real Time मा आधारित एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गरी कार्यान्वयनमा लैजाने | कार्यान्वयनका लागि Real Time मा आधारित एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गरी कार्यान्वयनमा लैजाने |
| मन्त्रालयको संरचनात्मक सुधार | मन्त्रालयको संरचनात्मक सुधार, समस्या समाधानाका लागि नयाँ अवधारणा | मन्त्रालयमा प्रशिक्षार्थी राख्नका लागि आन्तरिक प्रक्रियाको अन्तिम चरणमा, यस सम्बन्धी कार्यविधि स्वीकृत, | प्रशिक्षार्थी (इन्टर्न) सम्बन्धी कार्यविधि, २०८० | प्रशिक्षार्थी छनोटकोक कर्य भइरहेको | मन्त्रालयमा सुशासनका लागि प्रविधिमैत्री युवाहरूलाई प्रशासन सिक्ने |
| विज्ञान तथा प्रविधि दशक | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | स्टार्ट-उप र नवप्रवर्तन कोषको प्रभावकारी परिचालन गरी नतिजामुखी बनाउन स्थानीय तह र प्रदेशस्तरमा knowledge sharing का लागि आवश्यक संयन्त्र विकास गर्ने | | Knowledge Sharing को अभाव | अशल अभ्यास श्यर गर्नको लागि अन्तरसरकारी संयन्त्र निर्माण हुने |
| विज्ञान तथा प्रविधि दशक | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | व्यावहारिक विज्ञान प्रविधि तथा उद्यमोदय कोष सम्वन्धी विधेयकको मस्यौदा तर्जुमाको लागि अवधारणापत्र तयार गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, अर्थ मन्त्रालयमा रायको लागि पत्राचार गरिएको | व्यावहारिक विज्ञान प्रविधि तथा उद्यमोदय कोष सम्वन्धी विधेयक, २०८१ | नेपाल सरकार र राष्ट्रिय आविस्कार केन्द्र विच मिती २०८०/१/१८ मा कोष स्थापना गर्ने सहितको सात बुदे सहमतीको कार्यन्वयनको लागि विधेयक तर्जुमाको क्रममा रहेको। वेवसाइटमार्फत सार्वजनिक गरी रायसुझाव संकलन भइरहेको | प्रविधि विकाशका लागि नवप्रवर्तक तथा अनुसन्धानकर्ताहरूलाई आवश्यक वित्तीय व्यवस्थापनका लागि कानूनी तथा संरचनत्मक व्यवस्था हुने |
| विज्ञान तथा प्रविधि दशक | समाजसँग नीति | विज्ञान-प्रविधि तथा नवप्रवर्तन विधेयक, २०८१को मस्यौदा सरोकारवालाको रायसुझावको लागि वेवसाइटमार्फत सार्वजनिक | -प्रविधि तथा नवप्रवर्तन विधेयक | विज्ञान प्रविधि क्षेत्रमा कार्यरत बैज्ञानिक सँस्था विच संस्थागत Integration कायम गरी अध्ययन अनुसन्धानमा दोहोरोपना हटाउन र उद्योमदयको विकास, आवश्यक लगानीको लागि स्रोतको सुनिश्चितता, विज्ञान प्रविधिको संरक्षण र सम्वर्धन, वौद्धिक सम्पत्तिको प्रवावकारी संरक्षण तथा अनुसन्धान र नवप्रवर्तन मार्फत देशमा उद्यमशीलता प्रवर्द्धन गर्दै रोजगारीका अवसर सिर्जना गर्न आवश्यक भएको र सोको लागि एक कोषको स्थापना र सञ्चालन गरी विज्ञान तथा प्रविधि मार्फत उद्योमदयको विकास गर्न आवश्यक भएको | विज्ञान प्रविधि क्षेत्रका सार्जनिक तथा निजि अनुसन्धान सँस्थाहरूको पहिचान, व्यवस्थापन हुने तथा यस क्षेत्रको नियमन, प्रवर्धन तथा सबलिकरण गर्न सहज हुने |

| प्राथमिकता | क्षेत्र | शीर्षक | कानून | हालको अवस्थाको विश्लेषण | सुधारका लागि गरिएका काम/अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| विज्ञान तथा प्रविधि दशक | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | डायग्रोस्टिक रेडियोलोजी मेडिकल उपकरणको प्रयोग सम्बन्धी मापदण्ड,२०८१" र न्युक्लियर मेडिसिन संयन्त्र संचालन तथा उपकरणको प्रयोगसम्बन्धी मापदण्ड, 2081" स्वीकृत गरिएको | | रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, 2077 को दफा ६० ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो मापदण्ड लागू गरी इजाजत प्रदान गर्ने । | स्वास्थ्य सेवामा संलग्र पेशाकर्मी, बिरामी र विरामीको सहयोगीको स्वास्थ्यलाई ध्यान दिन तथा डायग्रोस्टिक रेडियोलोजी मेडिकल उपकरण प्रयोग, न्युक्लियर मेडिसिन संयन्त्र संचालनको सम्बन्धमा बिषयगत रेडियोलोजिकल सुरक्षा मापदण्ड व्यवस्था गरिएकोले मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल असर पर्न नदिनको लागि उपयोगी हुने। |
| विज्ञान तथा प्रविधि दशक | समाजसँग नीति | रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) नियम, २०७८ मा व्यवस्था भएबमोजिम सरकारी निकायका कर्मचारीहरूलाई तालिम सञ्चालन भइरहेको | | रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) नियम, 207८ को नियम ११ अनुसार एक महिने तालिम अनिवार्य लिई मात्र अनुगमन गर्न सक्ने व्यवस्था अनुसार निरीक्षकको कानुनी मान्यता प्रदान हुने भएकोले | रेडियोधर्मी पदार्थसँग सम्बन्धित स्रोत, संयन्त्र र अभ्यासहरू ऐन नियमावली र मापदण्डबोजिम भए नभएको निरीक्षण भई मानव स्वास्थ्य र वातावरणमा नकारात्मक असर नपर्ने |
| विज्ञान तथा प्रविधि दशक | समाजसँग नीति | विश्वविद्यालयस्तरीय विज्ञान, प्रविधि, इन्जिनियरिंग, कला, गणित (STEAM) सामाग्री निर्माण सम्बन्धी प्रतियोगितात्मक कार्यक्रम सम्पन्न गरिएको | | विश्वविद्यालयका विद्यार्थीहरु बीच सिर्जनशीलता, खोज, अनुसन्धान, नवप्रवर्तन र व्यवसायिकतालाई प्रवर्द्धन गर्न नेपालभरिका विभिन्न विश्वविद्यालयका विद्यार्थीहरुबाट कक्षा ५-१० सम्मका विद्यार्थीहरुलाई उपयोग हुने २३ वटा भौतिक र अभौतिक (यन्त्र र सफ्टवेयर) स्टीम सिकाई सामाग्री निर्माण भएको। | निर्माण भएका STEAM सामाग्रीहरु सामुदायिक विद्यालयमा हस्तान्तरण गरी विद्यालय शिक्षाको प्रयोगात्मक सिकाइमा अभिवृद्धी हुने |
| विज्ञान तथा प्रविधि दशक | | Nuclear Research Center (ARC) स्थापनाको लागि जग्गाप्राप्तिको क्रममा रहेको | | Cancer Treatment, NDT Testing तथा उन्न बिउ उत्पादनमा आवश्यक रेडियोधर्मी पदार्थ तथा प्रविधिको अनुसन्धान हुने | |
| विज्ञान तथा प्रविधि दशक | | रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ र नियम, २०७८ को पुनरावलोकनको लागि कार्य भइरहेको | | समसामयिक परिमार्जनको लागि Nuclear Materials Management महाशाखा प्रमुखको संयोजकत्वमा मस्यौदा समिति गठन गरिएको | ऐन तथा नियमावलीको कार्यान्वयनमा देखा परेका जटिलता तथा समस्याहरू पहिचान भई ऐन कार्यान्वयनमा सहजिकरण हुने |
| विज्ञान तथा प्रविधि दशक | समाजसँग नीति | विज्ञान साक्षरता सम्बन्धी ई-पुस्तिका निर्माण भएको | | ज्ञानमा आधारित समाजको निर्माण गर्न हरेक व्यक्तिलाई दैनिक जीवनमा उपयोग हुने विज्ञान र प्रविधिका विभिन्न आयामहरु (प्राविधिक, डिजिटल र सूचना, संख्यात्मक, रासायनिक, खाद्य तथा पोषण, स्वास्थ्य, व्यावसायिक सुरक्षा, वातावरण, उद्यमशीलता) बारे सुसूचित गराउन विज्ञान साक्षरता सम्बन्धी ई-पुस्तिका निर्माण गरिएको। | ई-पुस्तिकामार्फत दैनिक जीवनमा आवश्यक पर्ने आधारभुत वैज्ञानिक ज्ञान तथा सचेतना प्रदान हुने |

| प्राथमिकता | क्षेत्र | शीर्षक | कानून | हालको अवस्थाको विश्लेषण | सुधारका लागि गरिएका काम/अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| विज्ञान तथा प्रविधि दशक | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | त्रिभुवन विश्वविद्यालयमातहतका केन्द्रीय विभाग एवं अनुसन्धान सँस्थालाई विभिन्न विषयमा अनुदान प्रदान गरिएको। | | Development of Composite Manufacturing and Testing Capability in Nepal; Fabrication of Plant based anti-corrosive additives for extending the life span of reinforced concrete infrastructures; Effect of mixed solvent ratio on the pore size of polymeric thin film fabricated by solvent casting method; Lateral flow diagnostic kit for neutralization antibody detection from existing Dengue1 VLP Antigen; Antidiabetic potential of selected medicinal plants of family Rubiaceae; A dynamics of antibiotic residue and antibiotic resistance bacteria in hospital and pharmaceutical effluent system तथा Development of polymeric liquid bandage infused with Yashad Bhasma and Zinc Oxide nanoparticles for enhanced wound healing विषयमा अनुसन्धान गर्न त्रिभुवन विश्वविद्यालयका सातवटा केन्द्रीय विभाग तथा क्याम्पसलाई अनुदान प्रदान गरिएको। | वातावरण, पूर्वाधार तथा जनजीवनसङ्ग सम्बन्धित राष्ट्रिय आवश्यकताका समस्याका निराकरण गर्न मद्दत पुग्ने |
| विज्ञान तथा प्रविधि दशक | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | उद्योगहरूमा नवप्रवर्तन सर्वेक्षण गर्न मन्त्रालय र थापाथली क्याम्पस बीच समझदारी भएको | | औद्योगिक प्रतिष्ठानहरूमा उत्पादन तथा उत्पादकत्व वृद्धि तथा प्रतिस्पर्धात्मक क्षमतामा सुधारका लागि नवप्रवर्तन महत्वपूर्ण भएकोले उद्योगमा भएको नवप्रवर्तनको स्तर अध्ययन गर्न नवप्रवर्तन सर्वेक्षण कार्यक्रम सञ्चालन गरिएको। | विद्यार्थीहरूलाई औद्योगिक तथा व्यवहारिक सिप प्रदान हुने |
| विज्ञान तथा प्रविधि दशक | समस्या समाधानाका लागि नयाँ अवधारणा | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र ईण्डष्ट्रियल इन्जिनियरिङ विभाग, थापाथली क्याम्पसबिच नवप्रवर्तन सर्वेक्षण कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा समझदारी भएको | नीति तथा कार्यक्रम २०८१/८२ | मन्त्रालय र थापाथली क्याम्पसबीच १० जना विद्यार्थीलाई न्युनतम पारिश्रमिकमा नवप्रवर्तन सर्भेक्षणमा पठाइएको | विद्यार्थीलाई श्रमबजारसँग जोडेर सीप र क्षमता विकाश हुने |
| शिक्षकको जनशक्ति व्यवस्थापन | प्रक्रियामा पारदर्शीता, अनुमानयोग्य नीति तथा प्रक्रिया , प्रविधिमैत्री पहुँच | शिक्षक सरुवा सम्बन्धी निर्देशिका जारी गरी अन्तर जिल्ला सरुवा फुकुवा गरिएको | शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ | कुनै मापदण्ड बिना नै शिक्षक सरुवा हुने गरेको, शिक्षक सरुवामा शिक्षकले धैरै कष्ट भोग्नुपरेको, राजनैतिक वा आर्थिक पहुँचका आधारमा सरुवा हुने गरेको, शिक्षक सरुवा झन्जटिलो भएको र अनियमितताको गुनासो | नयाँ मापदण्ड बनाइएको |
| शिक्षकको जनशक्ति व्यवस्थापन | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | शिक्षक सेवा आयोग नियमावली संशोधन गर्न कार्यदल गठन, कार्यदलले बुझाएको प्रतिवेदन छलफलमा | शिक्षक सेवा आयोग नियमावली, २०५७ | तर्जुमाको अन्तिम चरणमा | नियमावली संशोधनका लागि अध्ययन कार्यदल गठन गरी संसोधन प्रक्रिया आघि बढाइएको |
| शिक्षकको जनशक्ति व्यवस्थापन | | निजी विद्यालयका शिक्षकको हकमा श्रम विभाग सँगको समन्वयमा शिक्षकको करार गर्नुपर्ने | शिक्षा ऐन | सँस्थागत विद्यालयका शिक्षकबाट प्राप्त गुनासो समाधान गर्न रुम विभागसँग समन्वय गरिएको। संयुक्त पहलमा नीजि विद्यालयका शिक्षकहरूको श्रमको योगदान र रोजगारको सुरक्षाका लागि सकारात्मक पहल भएको0 | साँस्थागत विद्यालयका शिक्षकलाई समेत रोजगारीको सुरक्षा हुने वातावरण बन्ने। |

| प्राथमिकता | क्षेत्र | शीर्षक | कानून | हालको अवस्थाको विश्लेषण | सुधारका लागि गरिएका काम/अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| शिक्षकको जनशक्ति व्यवस्थापन | | निजी लगानीका विद्यालयका शिक्षक कर्मचारीहरुको पेसागत सुरक्षा संस्थागत विद्यालय शिक्षक युनियनले माग गरेको हुँदा निजी विद्यालयका शिक्षक कर्मचारीहरुको पेसागत सुरक्षाका लागि कानुनी व्यवस्था अनुसार कार्यन्वयन गर्न निजी लगानीका विद्यालयहरुलाई निर्देशन दिएको । | शिक्षा ऐन | निर्देशन कार्यान्वयन भए नभएको विषयमा अध्ययन भइरहेको | ऐनमै भएको प्रावधान अनुसार नीजि विद्यालयका शिक्षक कर्मचारीको पेशागत सुरक्षा हुने |
| शिक्षकको जनशक्ति व्यवस्थापन | समस्या समाधानाका लागि नयाँ अवधारणा , प्रक्रियामा पारदर्शीता, अनुमानयोग्य नीति तथा प्रक्रिया , प्राविधिमैत्री | शिक्षकको दरबन्दी मिलानका लागि अध्ययन शुरु; जनताको प्राविधिक सहयोगको आह्वान (Github) | नीति तथा कार्यक्रम २०८१/८२ | दरबन्दि मिलानका लागि विद्यालयहरूको नक्शांकन गरी समायोजन तथा व्यवस्थापन गर्न आवश्यक तथ्याङ्क विश्लेषण भइरहेको | दरबन्दी मिलानको निर्णय गर्न आधार हुने |
| शिक्षकको जनशक्ति व्यवस्थापन | समस्या समाधानाका लागि नयाँ अवधारणा , प्रक्रियामा पारदर्शीता, अनुमानयोग्य नीति तथा प्रक्रिया , प्राविधिमैत्री | शिक्षक पोर्टल निर्माणका लागि प्रक्रिया शुरु | नीति तथा कार्यक्रम २०८१/८२ | शिक्षकको पेशागत अभिवृद्धि तथा तालिम,सरुवा बढुका लागि एकिकृत विद्युतीय पोर्टल बनाउन बजेट व्यवस्थापन गरिएको | शिक्षक सरुवा बढुवा वा तालिम व्यवस्थित हुने |
| शिक्षकको जनशक्ति व्यवस्थापन | | विद्यालय शिक्षाको गुणस्तर सुधारको मेरुदण्डको रूपमा रहेका शिक्षकहरूका सक्षमता एवम् वृत्ति विकासका लागि शिक्षक तालिमलाई आवश्यकतामा आधारित, पर्याप्त र पहुँचयोग्य बनाउन आवश्यक कार्य गर्ने | नीति तथा कार्यक्रम २०८१/८२ | शिक्षक तालिमलाई व्यवस्थित गर्न शिक्षक तालिम केन्द्र र उपकेन्द्रको क्षमता विकाशसँगै अनलाईनमाध्यमबाट समेत तालिमका लागि आवश्यक पूर्वाधार बनाउन काम भइरहेको | शिक्षक तालिम व्यवस्थित हुने |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | समाजसँग नीति | विद्यालय स्थापना तथा संचालनसम्बन्धी मापदण्डको प्रारम्भिक मस्यौदा बनाई सार्वजनिक राय संकलन गरिएको, सरोकारवालासँग थप छलफल गर्ने र प्राप्त सुझाव समेटिने क्रममा रहेको। | विद्यालय स्थापना तथा संचालन मापदण्ड, २०८० | स्थानीय तहबाट विद्यालय गाभ्न, संचालन गर्न सहज बनाइदिनुहुन अनुरोध भएकाले बनाइएको | मस्यौदा सार्वजनिक गरी सबैको राय संकलन गरि सुझाव अनुसार मस्यौदा भइरहेको |

| प्राथमिकता | क्षेत्र | शीर्षक | कानून | हालको अवस्थाको विश्लेषण | सुधारका लागि गरिएका काम/अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | छानबिन, प्रक्रियामा पारदर्शीता | शिक्षा मन्त्रालयको केन्द्रीय आयोजना कार्यान्वयन ईकाई (CLPIU) मा सोलार बिजुली ठेक्कामाथि भएको अनियमिततावारे छानबिन गर्न छानविन समिति गठन | सुशासन ( व्यवस्थापन तथा संचालन) ऐन, २०६४ | CLPIU मा सोलार खरिद तथा ठेक्कामा अनियमितता भएको गुनासो आएपछि समिति बनाइ छानबिन गरेको | छानबिन समितिको प्रतिवेदन अध्ययन भइरहेको। साधिकार निकायमा लेखी पठाएर आवश्यक कारवाही गरिने |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | समस्या समाधानाका लागि नयाँ अवधारणा | IB, CBSE लगायत कक्षा १-१२ संचालन गर्ने विदेशी सम्बन्धनका विद्यालय नियमन | शिक्षा ऐन | विदेशी सम्बन्धनका विद्यालयहरूको नियमन र अनुगमन गर्न थालिएको | विदेशी सम्बन्धनका विद्यालयका विषयमा प्राप्त गुनासोका आधारमा कानूनबमोजिम नियमन हुने |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | समस्या समाधानाका लागि नयाँ अवधारणा , प्रविधिमैत्री पहुँच | स्वचालित विधिबाट कक्षा १२ का परीक्षा केन्द्र निर्धारण | | हाललाई काठमाडौमा स्वचालित सफ्टवेयर पद्दतीबाट पररीक्षा केन्द्र तोकिएको। अन्य स्थान र विश्वविद्यालयमा समेत विस्तार गर्न अध्ययन भइरहेको | परीक्षा केन्द्र तोक्ने काम पारदर्शी र व्यवस्थित हुने |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | समस्या समाधानाका लागि नयाँ अवधारणा , समाजसँग नीति | पुस्तक पुनर्प्रयोगको नीतिबारे जनस्तरमा छलफल | नीति तथा कार्यक्रम २०८१/८२ | पुस्तक पुनर्प्रयोगबाट रकम बचाई अन्य आवश्यक कार्यमा खर्च गर्न यसको विभिन् तह र माध्यमबाट प्रचार प्रसार गरिएको | पुस्तक पुनःप्रयोग भई मितव्यी खर्चबाट विद्यालय शिक्षामा भएको खर्च व्यवस्थित हुने |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | समस्या समाधानाका लागि नयाँ अवधारणा | विदेशमा वा स्वदेशमै बसेर माध्यमिक तहको (१२ कक्षा सम्म) विदेशी कार्यक्रम अध्ययन गरेका विद्यार्थीले समकक्षताको प्रमाणपत्र पाउन सानोठिमी स्थित पाठ्यक्रम विकास केन्द्रमा अनलाइन आवेदन दिएपछि शैक्षिक प्रमाणपत्रको मान्यता तथा समकक्षता अनलाइनबाटै उपलब्ध गराउने कार्यको सुरुवात | माध्यमिक शिक्षा (कक्षा १० र कक्षा १२) सरह मान्यता तथा समकक्षता निर्धारण निर्देशिका (दोश्रो संशोधन) २०७९ | अनलाईनबाटै समकक्षता प्रमाणपत्रका लागि आवेदन दिइ अनलाईनबाटै प्रदान गर्न सुरु | विद्यार्थीथीहरुलाई घरमै बसेर समकक्षता प्रमाणपत्र पाउने व्यवस्था गर्ने |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | समस्या समाधानाका लागि नयाँ अवधारणा | प्रधानाध्यापक सक्षमता सम्बन्धी प्रारुप को मस्यौदा तयार हुँदै | प्रधानाध्यापक सक्षमता प्रारुप, २०८१ | थप अध्ययन गरी पुनः पेश गर्न केन्द्रमै पठाइएको | प्रधानाध्यापक सक्षमताका लागि राष्ट्रिय प्रारुप स्थापित हुने |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | राष्ट्रिय परीक्षा सञ्चालन सम्बन्धी निर्देशिका संशोधन कार्यदल | राष्ट्रिय परीक्षा सञ्चालन सम्बन्धी निर्शदेशिका, २०८१ | कार्यदल गठन भई राष्ट्रिय परीक्षा सञ्चालन कार्यविधिमाथी सरोकारवालाहरूसँग छलफल भइरहेको | राष्ट्रिय परीक्षा सञ्चालनमा एकरूपता आइ व्यवस्थित हुने |

| प्राथमिकता | क्षेत्र | शीर्षक | कानून | हालको अवस्थाको विश्लेषण | सुधारका लागि गरिएका काम/अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | | "विद्यालय शिक्षा विधेयक, २०८०"लाई प्राथमिकतामा राखी छलफल अगाडी बढाउन शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिलाई आग्रह | | संसदीय क्षेत्राधिकारमा रहेको विद्यालय शिक्षा विधेयकलाई प्राथमिकता दिन अनुरोध भइ आएको | मन्त्रीस्तरबाट संसदको शिक्षा समितिका सभापतिलाई विधेयकलाई प्राथमिकतामा राखि छलफलमा ल्याउन पत्राचार गरी अनुरोध गरिएको |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | | भूकम्प प्रभावित क्षेत्रमा विद्यालय भवन नबनुन्जेल अस्थायी सिकाई केन्द्रको स्थापना गर्न निर्णय गरी अर्थ मन्त्रालयमा रायको लागि पेश | विनियोजन ऐन २०८१ | भूकम्पले अतिप्रभावित जिल्लाहरूमा विद्यालय भवनमा भएको क्षतिले गर्दा विद्यालयमा सिकाइ क्रियाकलाप प्रभावित | भवन नबनुन्जेलसम्मका लागि अस्थायी सिकाइ केनन्द्र निर्माणको कार्यविधि बनेपछि विद्यालय सिकाई सहज हुने |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | समाजसँग नीति | महिनावारी सामग्री व्यवस्थापन, खरिद, वितर, प्रयोग, विसर्जन बारे सरोकारवालाहरु सँग छलफल गरी कार्यविधि परिमार्जन गर्ने | उपभोक्ता विद्यार्थी, प्याड उत्पादक तथा वितरसँग सँग छलफल गरी निर्देशिकाको मस्यौदामा छलफल भइरहेको। सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई वितरण गर्ने स्यानिटरी प्याडको गुणस्तर सुनिश्चित गर्न, वितरण तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन, समयमा नै उपलब्ध हुने अवस्था सुनिश्चित गरी सामुदायिक विद्यालयमा छात्राहरुको भर्ना र टिकाउ हुने दरमा वृद्धि गर्न। | उपभोक्ता विद्यार्थी, प्याड उत्पादक तथा वितरसँग सँग छलफल गरी निर्देशिकाको मस्यौदामा छलफल भइरहेको | प्याड वितरण तथा व्यवस्थान र छात्राहरूलाई दिइने प्याडको गुणस्तरमा एकरूपता दिइने |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | | स्मार्ट क्लासको कार्यविधि | नीति तथा कार्यक्रम | एक पालिका एक स्मार्ट स्कुल बनाउने प्रावधान नीति तथा कार्यक्रममा समेटिएको | कार्यविधि बनेपछि व्यवस्थित रूपमा स्मार्ट क्लास निर्माणमा एकरूपता हुने |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | समावेशीता | तामाङ भाषाको सम्भोटा लिपिमा पाठ्यपुस्तक विकास गरी कार्यान्वयन गरिने, सम्भोटा लिपिमा पाठ्यपुस्तक तयार गरिने | | मातृभाषाका पाठ्यपुस्तक तयार गरी आफ्नै लीपिमा प्रकाशन गरिनुपर्ने माग हुँदै आएको | निर्णय कार्यान्वयन भएपछि सम्भोटा लिपिमा तामाङ भाषाका पाठ्यपुस्तक प्रशासन र वितरण हुने |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | छात्रवृत्ति सम्बन्धि कानून पुनरावलोकन कार्यदल | छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ | शिक्षा प्रदायक शैक्षिक संस्थाबाट प्रदान गरिने छात्रवृत्तिलाई थप पारदर्शी, व्यवस्थित र अनुमानयोग्य बनाउन साथै शुल्क निर्धारणलाई व्यवस्थित गरि अभिभाकहरुमा शिक्षण शुल्कप्रतिको भार न्यूनिकरण गरि विद्यालयप्रति विश्वासको वातावरण सिर्जना गर्न | |

| प्राथमिकता | क्षेत्र | शीर्षक | कानून | हालको अवस्थाको विश्लेषण | सुधारका लागि गरिएका काम/अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | | निजी विद्यालयले दिने छात्रवृत्ति सम्बन्धमा | अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ | निजी लगानीका (संस्थागत) विद्यालयहरुवाट लिइने शुल्क निर्धारण एवं प्रदान गरिने छात्रवृत्ति थप व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाउन | |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | | नयाँ भर्ना, पाठ्यपुस्तक विद्यार्थीको हातमा पुऱ्याउने | अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ | वैशाख पहिलो हप्तासम्म विद्यार्थीको हातमै पाठ्यपुस्तक पुगेको | अर्को शैक्षिक सत्रकोलागि पाठ्यपुस्तक छपाई सुरु भैसकेको |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | प्रक्रियामा पारदर्शीता, अनुमानयोग्य नीति तथा प्रक्रिया | बङ्गलादेशले दिने चिकित्सा शिक्षा कोटामा सूची हेरफेर गरिएकाे समस्या कुटनैतिक माध्यमबाट समाधान | | बङ्गलादेशबाट प्राप्त हुने चिकित्सा शिक्षा कोटामा नेपाल सरकारले पठाएको सूचिमा हेरफेर हुँदा अन्योलमा रहेका विद्यार्थीहरूको समस्या कुटनीतिक माध्यमबाट समाधान भएको | विश्वविद्यालयको काम कार्वाहीलाई व्यवस्थित बनाउन साथै कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | प्रक्रियामा पारदर्शीता, अनुमानयोग्य नीति तथा प्रक्रिया | छात्रवृत्ति मा विदेशमा विद्यावारिधि (PhD) अध्ययन गर्न सिफारिसमा भएको हेरफेरलाई समाधान गरिएको | | | |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | समस्या समाधानाका लागि नयाँ अवधारणा, प्राविधिमैत्री | नो अब्जेक्श्न लेटर (NOC)का लागि राष्ट्रिय परिचय पत्रको तथ्याङ्क प्रयोग गर्न API जडान | | मन्त्रालयवाट प्रदान गरिने NOC प्रणालीलाई व्यवस्थित गर्न NIN को प्रयोग गरि सेवा प्रवाहलाई एकीकृत रुपमा व्यवस्थित गर्न | |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | समस्या समाधानाका लागि नयाँ अवधारणा , प्रक्रियामा पारदर्शीता, अनुमानयोग्य नीति तथा प्रक्रिया , प्राविधिमैत्री | विद्यार्थी भर्नाका लागि राष्ट्रिय परिचय पत्र प्रयोग | | विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुले प्राप्त गर्ने छात्रवृत्ति, पाठ्यपुस्तक, दिवाखाजाको रकम, संस्थागत र सामुदायिक विद्यालयमा हुने दोहोरो भर्ना रोकी स्रोतको उच्चतम सदुपयोग गर्न साथै राष्ट्रिय परिचयपत्रलाई विद्यार्थीले प्राप्त गर्ने अन्य सेवा सुविधामा समेत एकीकृत गर्न IEMIS मा आवद्ध गर्ने | |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | मन्त्रालयको संरचनात्मक सुधार, समस्या समाधानाका लागि नयाँ अवधारणा | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा नागरिकका गुनासो छिटो छरितो सम्बोधन गर्न शासकीय सुधार इकाई गठन गरिएको छ। | सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २९ | सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २९ मा प्रत्येक मन्त्रालयमा शासकीय सुधार इकाईको गठन गरिने व्यवस्था छ। यस मन्त्रालय र अन्तर्गतका निकायवाट सम्पादन हुने कामलाई थप व्यवस्थित गर्न सेवाग्राहीका गुनासा, उजुरी र सिकायत तत्काल सम्वोधन गरी सेवा प्रवाहलाई चुस्त बनाई सुशासन प्रवर्द्धन गर्न | यस इकाईबाट मन्त्रालयबाट सम्पादन हुने कार्यहरूलाई शासकीय सुधारको मान्यता अनुरूप सुधार गर्ने नीति अख्तियार गरी कार्यान्वयन हुनेछ। गुनासो प्राप्त भएको १५ दिन भित्र सम्बोधन गर्ने र वेबसाइट मार्फत विवरण सार्वजनिक गरिने छ। |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | समस्या समाधानाका लागि नयाँ अवधारणा , समाजसँग नीति | विद्यार्थीलाई भविष्यमा 'के बन्ने' भन्ने प्रश्नको उत्तर खोज्न 'कारियर काउन्सेलिङ कार्यक्रम' सञ्चालन | नीति तथा कार्यक्रम २०८१/८२ | कक्षा १० र कक्षा १२ पछि करिअर छनोट गर्न आवश्यक सल्लाह, सुझाव र प्रोत्साहन का लागि मन्त्रीज्यूकै अग्रसरतामा विभिन्न पेशाका सफल पेशार्कमीहरुबाट करिअर काउन्सेलिङ कार्यक्रम सञ्चालनमा रहेको | विद्यार्थीहरुलाई करिअर छनोट गर्न सहज हुने |

| प्राथमिकता | क्षेत्र | शीर्षक | कानून | हालको अवस्थाको विश्लेषण | सुधारका लागि गरिएका काम/अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | समस्या समाधानाका लागि नयाँ अवधारणा , समाजसँग नीति | समाजसँग पाठ्यक्रम | | पाठ्यक्रममा समसामयिक परिवर्तन गर्न समाजको गतीसँगै पाठ्यक्रमको तालमेल गर्न छलफल सुरु | पाठ्यक्रममा सामाजिक मागका आधारमा परिमार्जन हुने |
| उच्च शिक्षा रुपान्तरण | समस्या समाधानाका लागि नयाँ अवधारणा , समाजसँग नीति | विश्व योग दिवस मानउने निर्णय | | तिनै तहका सरकार र विद्यालयस्तरमा योग दिवस मनाइने | योगलाई विद्यालयस्तरमै परिचित गराई अभ्यासमा ल्याउने |
| उच्च शिक्षा रुपान्तरण | समस्या समाधानाका लागि नयाँ अवधारणा , समाजसँग नीति | नेपाल सँस्कृत विश्वविद्यालयमा विभिन्न समस्या समाधान गर्न कार्यदल गठन | | नेपाल सँस्कृत विश्वविद्यालयमा विभिन्न समस्या समाधान गर्न विज्ञ कार्यदल गठन | |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | समस्या समाधानाका लागि नयाँ अवधारणा , समाजसँग नीति | विशेष शिक्षा परिषद अन्तर्गतका कार्यरत शिक्षक तथा कर्मचारीहरुले प्राप्त गर्ने सेवा, सुविधालाई थप व्यवस्थित र प्रभावकारी बनाउन शिक्षा नियमावली संशोधन | शिक्षा नियमावली २०५९ | विशेष शिक्षा परिषद अन्तर्गतका कार्यरत शिक्षक तथा कर्मचारीहरुले प्राप्त गर्ने सेवा, सुविधालाई थप व्यवस्थित र प्रभावकारी बनाउन शिक्षा नियमावली संशोधनको निर्णय भई रायका लागि पठाइएको | विशेष अवस्थाका शिक्षकहरुले प्राप्त गर्ने विशेष अवकाशको सुविधालाई थप पारदर्शी, प्रभावकारी र अनुमानयोग्य बनाइने |
| उच्च शिक्षा रुपान्तरण | समस्या समाधानाका लागि नयाँ अवधारणा , समाजसँग नीति | उमेर नाम तथा जात सच्याउने कार्यविधिमा सुझाव | उमेर, नाम, जात सच्याउने ( संश | उमेर, नाम, जात सच्याउने ( संशोधन) नियम को सम्वन्धमा सुझाव दिइ कानुन मन्त्रालयमा पठाइएको | समस्यामा परेका विद्यार्थीहरुले ५ वर्षभित्र नामथर र उमेर सच्याउन सक्ने |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | **फैसला कार्यान्वयनको स्थिति यकिन** | | फैसला कार्यान्वयन गर्ने सम्वन्धमा विवरण माग गर्ने सम्वन्धमा | यस मन्त्रालय र अन्तर्गतका निकायवाट सम्पादन हुने कामसँग सम्वद्ध अदालतवाट भएको फैसलालाई कार्यान्वयन गरि सुशासनको प्रत्याभूति गर्न |
| **विज्ञान प्रविधि** | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | मन्त्रालय र अन्तराष्ट्रिय आणविक उर्जा ऐजेन्सी विच सम्पर्क व्यक्ति र सहायक व्यक्ति तोकिएको | | मन्त्रालय र अन्तराष्ट्रिय आणविक उर्जा ऐजेन्सी विच सम्पर्क व्यक्ति र सहायक व्यक्ति तोकिएको | दुई पक्षबिच सम्पर्क सुधार हुने |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | नेपाल सरकार र The United Kingdom of Britain and Northern Ireland Acting through the Foreign Weath and Development Office बीच कार्यान्वयन हुने Samarth कार्यक्रमका लागि पेश भएका विषयहरु समेटिने गरी अर्थ मन्त्रालयमा राय सुझाव पठाइएको | | मानव विकास सुचकांङ्कमा पछि परेका लुम्विनी र मधेश प्रदेशमा शिक्षा र स्वास्थ्य क्षेत्रको सेवा प्रवाहलाई गुणस्तरीय बनाउन, नागरिक केन्द्रित नीति निर्माण गर्न, लैङ्गिक समता र सामाजिक समावेशीकरणको लक्ष्य हासिल गर्न, दिगो विकास लक्ष्य प्राप्त गरी मानव विकासमा योगदान पुर्‍याउने लक्ष्यसाथ तयार गरिएको विद्यालय शिक्षा क्षेत्र योजनाका लागि बजेट व्यवस्थापन गर्न | सुझाव पठाइएको |

| प्राथमिकता | क्षेत्र | शीर्षक | कानून | हालको अवस्थाको विश्लेषण | सुधारका लागि गरिएका काम/अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | संयुक्त राष्ट्र संघ सुरक्षा परिषद् प्रस्ताव नं 1325 र 1820 को स्थानीय तहमा कार्यान्वयन सम्वन्धी नमूना कार्यविधि, २०८१ मस्यौदामा राय/सुझाव प्रदान | | महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ सुरक्षा परिषद् प्रस्ताव नं 1325 र 1820 को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न गृह मन्त्रालयवाट प्राप्त स्थानीय तहमा कार्यान्वयन सम्बन्धी नमूना कार्यविधि, २०८१ मा स्थानीय तहमा शिक्षा क्षेत्रमा समावेश गर्नुपर्ने विषयका सम्वन्धमा आवश्यक राय परामर्श उपलव्ध गराइएको | जसले गर्दा महिला शान्ति र सुरक्षा सम्बन्धि विषय पाठ्यक्रममा समावेश गर्न प्र. अ. तथा वि.व्य. स का पदाधिकारीहरुको तालीम र कार्यशालामा आन्तरिकीकरण गरी सरोकारवालाको सचेतना अभिवृद्धि हुने |
| समयानुकूल, पहुँचयोग्य र गुणस्तरीय शिक्षा क्षेत्र | तथ्याङ्क, अध्ययन र अनुसन्धानमा आधारित | आ व 2081/082 को लागि स्वीकृत कार्यक्रम तथा बजेट् वाँडफाँड र कार्यक्रम कार्यान्वयन पुस्तिका PIM निर्माण | विनियोजन ऐन, २०८१ | आर्थिक वर्ष 2081/082 मा यस मन्त्रालयवाट सम्पादन हुनेगरी स्वीकृत कार्यक्रम तथा बजेटलाई महाशाखागत रुपमा वाँडफाँड गर्ने र अन्तर्गतका कार्यक्रमलाई थप प्रभावकारी, नियमित, योजनावद्ध र एकरुपताका साथ कार्यान्वयन गर्नका लागि कार्यक्रम कार्यान्वयन पुस्तिका (PIM) तयार भइरहेको | असार २५ सम्म बनाइसक्ने |